आज मिति २०७७।१२।२० गतेको दिन यस उत्तरगया गाउँपालिका कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री उपेन्द्र लम्साल ज्यू को अध्यक्षतामा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बसी देहायका प्रस्ताव उपर छलफल तथा निर्णयहरु सर्वसम्मती बाट पारित गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| उपेन्द्र लम्साल | अध्यक्ष |
| चमेली गुरुङ | उपाध्यक्ष |
| बम बहादुर तामाङ | वडा अध्यक्ष |
| खुवाबहादुर गुरुङ | वडा अध्यक्ष |
| लालबहादुर तामाङ लामा | वडा अध्यक्ष |
| केशर बहादुर बुलुन | वडा अध्यक्ष |
| इश्वर थापा | वडा अध्यक्ष |
| शान्ता गलान | सदस्य |
| कृष्ण कुमारी नेपाली | सदस्य |
| सिता भट्ट | सदस्य |
| विन्दा रैला | सदस्य |
| ज्ञानु विक | सदस्य |
| तिर्थ बहादुर घले | सदस्य |
| अर्जुन खड्का | सदस्य सचिव |

**आमन्त्रीत**

| | |
|---|---|
| होमनाथ थपलिया | श्रोत व्यक्ति |
| मीना अर्याल | श्रोत व्यक्ति |

Scanned with CamScanner

**प्रस्तावहरु**

प्रस्ताव नं. १ स्थानीय तह संस्थागत क्षमता स्वमुल्याङ्कन सम्बन्धमा ।

प्रस्ताव नं. २ रकमान्तर सम्बन्धमा ।

**निर्णयहरु**

**निर्णय नं. १**

**प्रस्ताव नं. १ माथि छलफल गर्दा** सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश मुख्यमन्त्रीको कार्यालय, प्रदेश सुशासन केन्द्रबाट यस गाउँपालिकाको संस्थागत क्षमता स्वमुल्याङ्कन कार्य गर्न सहजिकरणमा खटिनुभएका श्रोतव्यक्ति होमनाथ थपलिया र मीना अर्यालको सहजिकरणमा मिति २०७७।१२।१७ गते देखि २०७७।१२।२० गते सम्म यस उत्तरगया गाउँपालिकाको संस्थागत क्षमता स्वमुल्याङ्कन गर्दा १०० पुर्णाङ्क मा ६७ (सरसठ्ठी)अंक प्राप्त गरेकोले यस मुल्याङ्कनको अंकलाई स्वीकृत गरि आगामी गाउँसभामा पेश गर्ने निर्णय गरियो ।

साथै LISA मुल्याङ्कन कार्य गर्ने सन्दर्भमा श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र बागमती प्रदेश प्रदेश सुशासन केन्द्र ललितपुर र सहजिकरण गर्न खटिनुभएका श्रोत व्यक्ति श्री होमनाथ थपलिया र मीना अर्याल लाई समेत यस गाउँपालिकाको तर्फबाट धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. २**

**प्रस्ताव नं २ माथि छलफल गर्दा** यस गाउँपालिकाको तर्फबाट विभिन्न स्थानमा हुने खेलकुद कार्यक्रममा सहभागी हुन पठाईएका खेलकुद टिम र आगामी दिनमा पठाईने खेलकुद टिमलाई खाजा, नास्ता, ड्रेस, खेलकुद सामाग्री लगायतका कार्यमा भुक्तानी गर्न बजेट विनियोजन नभएकोले राष्ट्रपति खेलकुद कार्यक्रममा विनियोजन भएको रकम रु. ५ लाख मध्येबाट रु. १ लाख रकम उक्त कार्यक्रममा खर्च गर्ने गरि रकमान्तर गर्ने निर्णय गरियो ।

Scanned with CamScanner